# भिमाद नगरपालिका
**BHIMAD MUNICIPALITY**
नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipal Executive**
भिमाद, तनहुँ
**Bhimad, Tanahun**
**२०७३ / 2073**
गण्डकी प्रदेश, नेपाल
**Gandaki Province,Nepal**

प.सं. / Ref No.: ०८१/०८२
च.नं. / Des No.: १६४०

मिति/Date: २०८१-१०-३०

## विषयः न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना ।।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संशोधन २०७७) को दफा १८ बमोजिम आगामी आर्थिक बर्ष २०८२/२०८३ मा यस भिमाद नगरपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम **१०० दिनको** रोजगारीमा आबद्ध भई सार्बजनिक तथा अन्य बिकास निर्माणका आयोजनामा संलग्न हुन यस नगरपालिका भित्र स्थायी बसोवास गरेका इच्छुक न्यून आय भएका वा स्वरोजगार समेत नरहेका व्यक्तिहरुले **२०८१ फागुन महिना भरिमा** आँफूले स्थायी बसोबास गरेको वडा कार्यलयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन फारममा उल्लेखित विवरण पूर्ण रुपमा भरि बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्बन्धित वडा कार्यलय, पालिकाको वेभसाइट bhimadmun.gov.np, रोजगार सेवा केन्द्र तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेव साइट www.pmep.gov.np बाट निःशुल्क प्राप्त गर्न सकिनेछ।

### न्युनतम रोजगारिमा संलग्न हुन आवश्यक मापदण्ड

१. १८ देखि ५९ बर्ष उमेर समूह भित्रको ।
२. निवेदन दिदाको मितिसम्म सोही आर्थिक बर्षमा न्युनतम १०० दिनको रोजगारीमा संलग्न नभएको ।
३. निवेदन दिदाको मितिसम्म सोही आर्थिक बर्षमा न्युनतम रोजगारीमा संलग्न भई १०० दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकको आयभन्दा कम आय भएको ।
४. पूर्ण विवरण सहित रित पूर्वक निवेदन दिई कार्यक्रमा सहभागी हुन ईच्छुक रहेको ।

### न्युनतम रोजगारिमा संलग्न हुन आवश्यक कागजात तथा जानकारी

१. निवेदक सहित सम्पूर्ण परिवारको नाम, निवेदकसंगको नाता, नागरिकता जारी मिति, नागरिकता नं, नागरिकता जारी जिल्ला, शैक्षिक योग्यता, सिप रोजगारीको अवस्था, सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाता बाट कुनै सहायता या आम्दानी लिए नलिएको र अन्य निवेदनमा भएका सम्पूर्ण विवरण ।
२. निवेदकको नागरिकताको फोटोकपि १ प्रति र पासपोर्ट साईजको फोटो १ प्रति ।
३. नगरिकता अन्य स्थानिय तह वा जिल्ला बाट जारी भएको भए बिवाह दर्ता वा बसाईसराईको प्रमाणपत्रको फोटोकपि १ प्रति ।

(नोटः निवेदनमा मागिएका विवरण पूर्ण, स्पष्ट र सत्य नभएमा सुचीकृत नहुने व्यहोरा जानकारी गराईन्छ।)

कमलप्रसाद पुन ०८१/१०/३०
प्रमुख प्रशासकीय अधिकृत

कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत

फोन नं: ०६५-५७२४३६, Phone Number: 065-572436
ठेगाना/ Address: X3HJ+3P Bhimad
ईमेल / Email : info@bhimadmun.gov.np, bhimadmunicipality@gmail.com
वेवसाईट / Website : bhimadmun.gov.np